फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक

## प्राङ्गारिक मल वितरण कार्यक्रममा सुचिकृत हुन आपूर्तिकर्ता हरुलाई प्रस्ताव आव्हानको पुन: सूचना ।

**सूचना नं ८/०८१/८२**

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०८/०४**

कृषि विकास कार्यालय, काभ्रेपलान्चोकको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुरुप "<u>एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१</u>" अनुसार प्राङ्गारिक मल बिक्री तथा आपुर्ति गर्ने उत्पादक/वितरकहरु/आपूर्तिकर्ताहरुलाइ सूचिकृत हुनका लागि यो सूचना प्रकाशित भएकों ७ दिन (मिति २०८१/०८/१०) भित्र कृषि विकास कार्यालय, काभ्रेपलान्चोकमा देहाय बमोजिमका आवश्यक कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा यो सूचना आव्हान गरिन्छ। साथै, रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु

१. संस्था दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

२. संस्था नवीकरणको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा कम्पनि भएमा कम्पनि रजिस्ट्रारको कार्यालयबाट गरिने कम्पनि अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने।

३. संस्थाको PAN/VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

४. पछिल्लो आ.व. को लेखा परिक्षणको प्रमाणित प्रतिलिपि ।

५. पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

६. प्रस्ताव साथ चालु आ.व. मा आपूर्ति गर्न सक्ने मलको परिमाण।

७. सम्बन्धित निकायमा सुचिकृत गरिएको प्रमाणपत्रको प्रतिलिपि ।

८. सरकारी निकायबाट मान्यता प्राप्त प्रयोगशालाबाट अनुसूची-३ मा उल्लेखित प्राङ्गारिक मलको मापदण्ड तथा गुणस्तरको प्रमाणपत्र (एक महिना भित्रको) ।

९. प्राङ्गारिक मलको नमुना।

१०. आपूर्तिकर्तालें आफुले उत्पादन गर्ने मलको ब्राण्ड नाम, प्रति के.जी. मूल्य, कम्पनीको शाखा बिक्रि कार्यालयहरु र उपलब्ध गराउन सक्ने मलको परिमाण।

११. मलको उत्पादन मिति र प्रयोग गरिसक्नु पर्ने मिति, ब्याच नम्बर, तौल तथा मलमा पाइने पोषण तत्वको मात्रा प्रत्येक प्याकेजिङ्गमा प्रष्ट रुपमा देखिने गरी उल्लेख भएको हुनु पर्नेछ।

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं

फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

## वीउ विजन आत्मनिर्भर कार्यक्रमको क्षेत्र निर्धारण प्रक्रियामा सहभागिताका लागि प्रस्ताव/आवेदन आव्हान सम्बन्धि सूचना

सूचना नं ७/०८१/८२

प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०४

कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोकको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार वीउ विजन आत्मनिर्भर कार्यक्रम कार्यन्वयनका लागि क्षेत्र निर्धारण गर्नुपर्ने व्यवस्था "वीउविजन आत्मनिर्भर कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१" को दफा ३ मा भएकोले सोही कार्यविधिको दफा ३(२) बमोजिम यस कार्यालयको कार्यक्षेत्र (काभ्रेपलान्चोक र सिन्धुपाल्चोक जिल्ला)मा क्षेत्र निर्धारण गरि कार्यक्रम सञ्चालन गर्न इच्छुक योग्य आवेदकहरु (कृषक समुह, कृषि कार्यमा संग्लग्न सहकारी, फर्म/कृषि कम्पनीहरु र सामुदायिक वीउ बैंक) ले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन(मिति २०८१/०८/२४)भित्र कार्यालय समयभित्र प्राप्त हुने गरी देहाय बमोजिमका कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी कृषि विकास कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक वा कार्यालयको सेवा केन्द्र, चौतारा, सिन्धुपाल्चोकमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु छनौट प्रक्रियाका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

प्रस्तावपत्र/आवेदन पेश गर्दा संलग्न राख्नुपर्ने आवश्यक कागजातहरुः

१. रु १० को टिकट टाँस गरी कार्यविधिको अनुसुचि १ बमोजिमको ढाँचामा तयार गरिएको पूर्ण रुपमा भरिएको आवेदन तथा आधारभुत तथ्याङ्क फारम ।

२. संस्था दर्ता तथा नवीकरण प्रमाणपत्र पत्रको प्रतिलिपि

३. कार्यक्रम संचालन हुने सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

४. अध्यक्ष/संचालकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी

५. जग्गाधनी पुर्जाको प्रतिलिपी

कुल प्रसाद ढवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं